**प्राज्ञिक विमर्श**, वर्ष ७, अङ्क, १३, २०८२ **वैशाख**, ISSN 2676–1297

# उत्तर बङ्गाल क्षेत्रको नेपाली लोक–सांस्कृतिक सन्दर्भ

❋राजकुमार छेत्री
chettrirajkumar73@gmail.com

**अध्ययनसार**

प्रस्तुत अध्ययन पत्रमा पश्चिम बङ्गाल राज्यको विशेषगरी उत्तरबङ्गाल क्षेत्र अर्थात् दार्जिलिङ र कालेबुङ जिल्लाको तराई-समतल क्षेत्र जलपाईगुडी, कोचविहार, अलिपुरद्वार जिल्लाका विभिन्न अञ्चलमा बसोबासो गर्ने नेपाली जातिको लोक-सांस्कृतिक सन्दर्भलाई विविध दृष्टान्तका आधारमा अध्ययन-अनुशीलन गर्ने प्रयास गरिएको छ। भारतीय नेपाली समाज र साहित्यमा विशेषगरी पश्चिम बङ्गाल राज्यको उत्तर बङ्गाल तथा सिक्किम क्षेत्रको नेपाली लोक-सांस्कृतिक सन्दर्भ, इतिहास चेतना, जातीय चेतना तथा लोक-सांस्कृतिक परिदृश्यलाई सन्दर्भमा राखिएको छ। नेपाली भाषी, नेपाली जाति निकै बाक्लो रूपमा बसोबासो गर्ने भारतको पश्चिम बङ्गाल राज्यको उत्तरी क्षेत्र दार्जिलिङ र कालेबुङ जिल्लालगायत जलपाइगढी, कोचबिहार तथा अलिपुरद्वार जिल्लाका विस्तृत र फराकिलो क्षेत्र डुवर्स भूमिलाई विशेष केन्द्रबिन्दुमा राखेर नेपाली लोकवार्ता, नेपाली लोकसंस्कृति र नेपाली लोकजीवनबारे सङ्क्षेपमै भए पनि सकेसम्म प्रकाश पार्ने प्रयत्न गरिएको छ। अतः यस क्षेत्रका जनमानसमा आ-आफ्नै किसिमको सामाजिक- सांस्कृतिक, धार्मिक परिवेश निर्माण भएको छ भने सिक्किम राज्य नेपाली-भोटे-लाप्चे तीनवटा मूलबासीहरूको आफ्नै-आफ्नै प्रकृतिको भाषिक-सांस्कृतिक तथा लोक-सांस्कृतिक परम्पराले समृद्ध बनेको छ।

**मुख्य शब्दावली**ः लोकवार्ता, समाज-सांस्कृतिक, सांस्कृतिक पर्यावरण, लोकव्यवहार, लोककौशल।

## विषय प्रवेश

नेपाली जातिमाझ पनि खस-बाहुन, राई, लिम्बू (सुब्बा), मगर, तामाङ, शेर्पा, गुरूङ, नेवार, थामी, याक्खा (देवान) आदिका आ-आफ्नै प्रकारका सामाजिक-सांस्कृतिक, भाषिक-धार्मिक लोक-परम्पराका सन्दर्भहरू छन्, यसले बेग्लै महत्त्व राख्छ। दार्जिलिङ-कालेबुङ र डुवर्स अञ्चलमा बसोबासो गर्ने नेपाली, बङ्गाली, राजवंशी, राभा (अर्थात् कोचे) मेच (अर्थात् मेचे वा बोडो), टोटो आदि जाति तथा उनीहरूको भाषिक-सांस्कृतिक मिश्रणबाट उत्तर बङ्गालको नेपाली लोक-सांस्कृतिक परिवेश विकसित भएको छ। यी सबै जात-जाति, भाषा-भाषी एकार्कामा नङ-मासुजस्तै मिलेर एउटै सांस्कृतिक मालामा उनिएर एउटा रमाइलो मिश्रित समाज गठन भएको देखिन्छ। पार्वत्य र तराई क्षेत्रका बासिँदाहरूका आफ्ना-आफ्नै प्रकार-प्रकृतिका रीतिरिवाज, जीवनशैली, कर्मशीलता, सामाजिक व्यवस्था, रहनसहन, हर्ष-अमर्ष, अनुभव-अनुभूति, कथा-व्यथा अर्थात् सांस्कृतिक विविधताहरू रहेका पाइन्छन्। यहाँको लोकजीवन-लोकमानसमा उब्जेका मनोभावहरू कालान्तरमा लोकसाहित्य र लोकसंस्कृतिकमा प्रतिबिम्बित भएका छन्।

## संस्कृति, लोकसंस्कृति र साहित्यमा लोक-सांस्कृतिक अवधारणा–

नेपाली लोक-संस्कृतिमा धार्मिक-अध्यात्मिक संस्कृतिले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। भौगोलिक परिवेशले सांस्कृतिक विकासमा फरक पार्छ। यसैले एउटै जाति-गोष्ठीका सम्प्रदायभित्र पनि स्थानविशेषले गर्दा प्रचलित लोकसंस्कृतिमा विविधता रहेको पाइन्छ। लोकसंस्कृतिको परिचय र परिभाषा एउटा वाक्यमा दिन सकिँदैन, किनभने लोकसंस्कृतिको क्षेत्र अत्यन्त व्यापक, फराकिलो र गहन छ। वास्तवमा लोकले परापूर्वकालदेखि जातीय संस्कारको रूपमा ग्रहण गर्दै आएको धर्म-कर्म, रीति-रिवाज, कला-कौशल, वेश-भूषा, आचार-व्यवहार, गीत-सङ्गीत आदिको समष्टिरूपलाई नै हामी लोकसंस्कृतिको रूपमा मान्छौँ।

**❋ लेखक सहप्राध्यापक स्नातकोत्तर नेपाली विभाग दार्जिलिङ सरकारी महाविद्यालय, दार्जिलिङमा कार्यरत हुनुहुन्छ।**

यसैले लोकवार्ताभित्र लोकव्यवहार, लोककला, लोकअनुष्ठान, लोकसाहित्य, लोकविश्वास, लोकसंस्कृतिका विविध सन्दर्भहरू समेट्न सकिन्छ । मानव समाजको विकास सँगसँगै सामान्य लोकजीवनले भोगेको यथार्थ, बटुलेका अनुभव- अनुभूति, भोगेका पीडा-व्याथा आदि लोक अनुभवको जीवन्त अभिव्यक्ति हो भन्न सकिन्छ। भिन्नभिन्न जात-जाति, वर्ग-समुदाय आदिले पालन गर्ने विविध संस्कार-संस्कृति मिलेर बनेको सङ्गठित रूप अर्थात् एकरूपतालाई नै लोक-संस्कृति भनेर बुझ्न सकिन्छ।

वर्तमान समयमा लोकसंस्कृतिको अध्ययन र अनुसन्धान अफ धेरैको चासोको विषय बनेको छ। संस्कृति के हो, यसको प्रकृति र सांस्कृतिक आधार के हो, यो कसरी निर्माण हुन्छ, यसले मौलिक पहिचानलाई के कसरी स्थापित गरेको छ भन्ने कुरोलाई यसले आत्मसात् गर्छ। हाम्रा मौलिक चाडपर्व, रीतिरिवाज, रीतिथिति, खानपिन, वेशभूषा, धर्म तथा यसले पारेको प्रभावलाई बुझ्न जरुरी भएकाले संस्कृतिका विविध पक्षलाई यहाँ समेट्न खोजिएको छ। संस्कृति मानव निर्मित वस्तु भएको हुनाले यो संस्कृति परिवर्तनशील हुन्छ। संस्कृति एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै, परिष्कृत र परिमार्जित हुँदै जान्छ। संस्कृति प्राचीन धार्मिक आस्था-विश्वास तथा आध्यात्मिक चेतनासँग जोडिएर आएको हुन्छ। सांस्कृतिक विशेषता र अध्ययनका क्रममा मूर्त अमूर्त संस्कृति, राष्ट्रिय अन्तर्राष्ट्रिय संस्कृति, धार्मिक तथा लोक-संस्कृति वा परम्परागत लोक-संस्कृति, राजनीतिक संस्कृति, आर्थिक संस्कृति, दार्शनिक संस्कृति, वर्ग संस्कृति, वर्गीय संस्कृति, वैदिक संस्कृति, लोकप्रिय संस्कृति भनेर संस्कृतिलाई वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ। लोकले मान्ने गरेको विश्वास नै लोकविश्वास। लोकविश्वास र लोकसंस्कार एउटा गम्भीर धारणा पनि हो। लोकसंस्कृतिभित्र आबद्ध भएर बसेका अनेकौं परम्परा, आचार-विचार, विधिनिषेधका सामाजिक लौकिक-मौखिक नियम र प्रक्रियाहरू छन्। सबै किसिमका लोकसंस्कारहरू वास्तवमा परम्परा र भयका कारण मानव समाजले पालन गर्दै आएको हो भन्ने कुरो स्पष्ट हुन्छ। विभिन्न दिशाबाट दर्शित लोकसंस्कृतिलाई वस्तुकेन्द्रिक, विश्वासकेन्द्रिक, वाककेन्द्रिक, अङ्गभङ्गकेन्द्रिक, लेखन वा अयनकेन्द्रिक लोकसंस्कृतिको रूपमा अध्ययन-अनुशीलन गरी प्रस्तुत गर्न सकिन्छ।

धार्मिक आस्थाबाट भक्ति जन्मन्छ र भक्तिबाट सिद्धि मिल्छ। लोकजीवन विविधतापूर्ण छ, लोक अनन्त छ। नेपाली लोकजीवन जहाँ पुगे पनि, जहाँ बसोबासो गरे पनि शान्ता र मर्यादित छ। कतिपय विद्वानहरूले लोकविश्वासलाई- धार्मिक लोकविश्वास-(मन्दिर तथा देवीदेवतासम्बन्धी, दर्शन, पूजापाठ, दानपुण्य, स्वर्गनर्क, धर्मकर्म, श्राद्धकर्म, कुलायनपूजा आदि), सांस्कृतिक लोकविश्वास-(परम्परागत लौकिक चालचलनहरू, पर्वउत्सव, आचारविचार, मेलाजात्रा आदि), आभिचारिक लोकविश्वास-(जादु-टुनामुना, लागोभागो, जन्तरमन्तर, भूतप्रेत, बोक्सी-डाइनी, धामी-झाँक्री आदि), रूढिगत वा अन्धविश्वासगत लोकविश्वास- (फाप-अफाप, शकुन-अपशकुन आदि) प्रभृतिका आधारमा वर्गीकरण गरी फराकिलो अध्ययन- विश्लेषण गरेका छन्। स्थानीय लोक-संस्कृतिसित सम्बन्धित अन्य विषयलाई पनि अवलोकन गर्न सकिन्छ। संस्कृति र धर्म, संस्कृति र दर्शन, संस्कृति र इतिहास, संस्कृति र भाषा, संस्कृति र मनोविज्ञान, संस्कृति र नैतिक आचरण, संस्कृति र जातीय चेतना, संस्कृति र लोककला, संस्कृति र सभ्यता, संस्कृति र संस्कार, संस्कृति र राजनीति, संस्कृति र मिथक तथा जातगोष्ठीका संस्कृतिअन्तर्गत आर्य खस संस्कृति, मस्टो संस्कृति र किरात संस्कृतिका विभिन्न पक्षको अवलोकन गर्न सकिन्छ। समग्रमा हेर्दा लोक-सांस्कृतिक अध्ययन संस्कृतिको व्यापक चिन्तन र अवधारणाबाट निर्देशित छ। लोक-सांस्कृतिक अध्ययनले जातीय संस्कृतिलाई हेर्ने नवीन दृष्टिकोणको विकास गर्छ। लोक-सांस्कृतिक अध्ययनको लचिलोपन, खुलापन, सहजता र सुगमता जस्ता विशेषताका कारण यसको अध्ययन क्षेत्र दिनोदिन अफ व्यापक बन्दै गएको देखिन्छ।

**भारतेली नेपाली साहित्यमा लोक-सांस्कृतिक सन्दर्भ-**

लोकसाहित्य र लोकसंस्कृति चिन्तक-अध्येता प्रकाश भट्टराईज्यूले आफ्नो अध्ययनपरक कृति नेपाली लोक परम्परा-मा हाम्रो नेपाली जातीय परम्परा, लोकरीति-थिति, लोकव्यवहार, लोकचिकित्सा, लोकबाजागाजा,

लोकवाद्य, लोकमनोरञ्जन, लोकखाद्य, लोकसामग्री आदि विषयमा फराकिलो अध्ययन-अनुशीलन गरेका छन् । यस पुस्तकमा घरेलु उपभोग्य वस्तुको निर्माण प्रक्रियालाई कलाकौशलका रूपमा अध्ययन गरेका छन् - जस्तै काष्ठ कौशल, शिला कौशल, ध्वनि कौशल, धातु कौशलका रूपमा । नेपाली घर, साइनो सम्बन्ध, खाद्य-आहार, भाँडा-कुँडा, हात-हतियार, गरगहना, गीत-नृत्य, चाडपर्व, लोकविश्वास, लोकव्यवहार, लोकरीति, लोकचिकित्सा र लोकधर्मबारे प्रकाश पारिएको छ । के. एन.शर्मा लोकसंस्कृतिका एकजना चिन्तक र अध्येता हुन् । शर्माको खस जातिको परिचय र लोकसंस्कृति शीर्षक पुस्तकमा जीवनयापनका पेसाहरू, धामी-झाँक्री, शमनविधि, पारम्परिक पूजा-आजाविधि, लोकआस्था-विश्वास, खस जातीय चाडपर्व, उत्सव जात्रा आदि जस्ता विषयमा फराकिलो अध्ययन गरिएको छ । टि.बी.चन्द्र सुब्बाले पनि निकै लामो समय र श्रम खर्चेर तयार पारेको विश्वमा मानव सभ्यता, जातीय बृहत् इतिहास (सन् २०२४)- नामक विशालकाय पुस्तकमा नेपाली जातीय संस्कार-संस्कृति तथा नेपाली जात-गोष्ठी तथा उनीहरूको भाषा र समाज-सांस्कृतिक अध्ययन गरिएको छन । यस पुस्तकमा स्थानीय जनगोष्ठीका पीडा-सुस्केरा, लोकव्यवहार, लोकरीतिबारे सकेसम्म खोजी भएको छ । सुचन प्रधानको नेपाली चाडपर्वहरूको सांस्कृतिक अध्ययन (सन् २०१६) नामक पुस्तकमा पनि प्राज्ञिक रूपले संस्कृतिको परिभाषा र अध्ययन प्रस्तुत गर्दै भारतमा मनाइने प्रमुख केही नेपाली चाडपर्वहरूको अध्ययन गरिएको छ ।

नेपाल र भारतका विभिन्न क्षेत्रबाट नेपाली लोकसंस्कृति, लोकसाहित्य र लोकपरम्पराबारे लेखिएका विविध प्रकार र प्रकृतिका पुस्तकहरू प्रकाशनमा आइरहेका छन् । शान्तिराज शर्माको खस-किरात संस्कृति (सन् १९९६)- पुस्तकमा विशेषगरी खस जातिका आचार-व्यवहार, खानपीन, स्वभाव-आचरण, रीतिथिति-परम्परा तथा विशेषता र प्रवृत्तिबारे गहन अध्ययन प्रस्तुत गरिएको छ । राजु भेटवालको The Shamanistic Khas (सन् २०१५)- नामक पुस्तकमा खसका सामाजिक, सांस्कृतिक अध्ययन, जनजातिमा हुनुपर्ने आदिम प्रवृत्ति (Primitive Traits), विशिष्ट संस्कृति (Distinct Culture), भौगोलिक एकलता (Geographical Isolation) र आर्थिक पछौटे (Economic Backwardness) आदि जस्ता विविध पक्षबाटका गम्भीर अध्ययन प्रस्तुत गरिएको छ । यो पुस्तकले अन्य आदिवासी समुदाय सरह हामी पनि भारतका आदिवासी हौं, आदिवासीमा हुनुपर्ने सम्पूर्ण लक्षण हामीमा अर्थात् हाम्रो जातिमा पनि छ भन्ने कुरालाई महत्त्वकासाथ प्रकाश पारिएको छ । सचिन छेत्रीले खस जातिबारे लेखेको पुस्तकमा खस जातिको समाज-सांस्कृतिक इतिहासका विविध सन्दर्भबारे फराकिलो अनुसन्धान गरेका छन् । नेपाली लोकवार्ताको अध्ययनका क्रममा गङ्गाप्रसाद भट्टराईको लोकायन (सन् २०१७, नेपाली लोकवार्ता अध्ययनहरू) र लोकवार्ता तुलनीय केही पक्षहरू ग्रन्थमा नेपाली लोकवार्ता विषयपरक केही लेखहरू समेटिएका छन् । उनले विरहिनी, मगर र तामाङ जातिको अन्तिम संस्कार, लोकनाटक, दशैं, हराउन लागेका ठेट शब्द, लोकोक्ति, शिशुगीत, लोकविश्वास तथा नेपाली जातीय संस्कारका विविध सन्दर्भमा गहिरो अध्ययन गरेका छन् । एम. एम. गुरूङको बिर्सिएको संस्कृति (सन् १९८०) तथा आर. पी. लामाको पुस्तक इन्द्रधनुष (सन् १९९०)- मा नेपाली लोकसंस्कृति, नेपाली लोकगीत र लोकपरम्पराबारे विस्तृत अध्ययन गरिएको छ ।

अतः भारतीय लोकसंस्कृतिमा एउटै जातिको मात्र विशेष योगदान र सांस्कृतिक वैशिष्ट्य नरहेर देशभित्र रहने विभिन्न जातिअन्तर्गतका जात-जातका संस्कृतिले समेत महत्त्वपूर्ण अवदान दिएको छ । वैभवशाली भारतीय लोकसंस्कृतिभित्रै नेपाली लोकसंस्कृतिले पनि फस्टाउने सौभाग्य पाएको छ । यस परिप्रेक्ष्यमा हेर्दा भारतको नेपाली लोकसांस्कृतिक परम्परा पनि स्वयम्मा समृद्ध र गौरवशाली छ । यस नेपाली लोकसंस्कृतिभित्र अरू थुप्रै मौलिक विशेषता बोकेका संस्कृतिहरू पनि छन् । नेपाली जातिअन्तर्गतका विभिन्न जातहरूका लोकवाद्य वा बाजागाजा तथा लोकगीतहरूमध्ये छेत्री-बाहुनहरूको खैंजड़ी र बालन गीत र नाच, मगरहरूको मादले गीत र मारूनी नाच, तमु (गुरूङ) र शेर्पाहरूको टुङना गीत र नाच, दमाईहरूको नौमती वा पञ्चै बाजा र नाच, लिम्बुहरूको च्याब्रुङ गीत र नाच तथा तामाङहरूको डम्फू गीत र नाच आदिले नेपाली लोक संस्कृतिलाई धनी तुल्याउँदै भारतीय लोकसंस्कृतिलाई सम्पन्न तुल्याउनमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसर्थ लोककला, लोकविश्वास, लोकपरम्परा आदिको समष्टि रूपमा नेपाली लोकसंस्कृतिले व्यापकता पाएको देखिन्छ । यसैले उखान-लोकोक्तिहरू लोकजीवन तथा लोकसंस्कृतिका महत्त्वपूर्ण स्रोतहरू हुन् ।

**भारतको उत्तर बङ्गाल क्षेत्रको नेपाली लोक-सांस्कृतिक सन्दर्भ–**

भारतको पश्चिम बङ्गाल राज्यको उत्तरी क्षेत्र दार्जिलिङ र कालेबुङ जिल्लालगायत जलपाइगुडी, कोचविहार तथा अलिपुरद्वार जिल्लाका विस्तृत र फराकिलो क्षेत्र डुवर्स भूमिलाई केन्द्रबिन्दुमा राखेर नेपाली लोकवार्ता, लोक-सांस्कृतिक सन्दर्भ तथा नेपाली लोकजीवनबारे अध्ययन-अनुशीलन गरी विविध आधार पहिल्याएर यी दुई मुख्य प्रकारमा वर्गीकरण गरिएको छ-

(क) लोक-सांस्कृतिक सन्दर्भ सामग्रीहरूको अध्ययन-

(ख) विभिन्न जातगोष्ठीगत समाज-सांस्कृतिक पक्षहरूको अध्ययन

लोकसांस्कृतिक सन्दर्भ सामाग्रीहरूको अध्ययन- उत्तरबङ्गाल क्षेत्रको लोकसंस्कृति, लोकसंस्कार, लोकभाषा यहाँको लोकसंस्कार र लोकसांस्कृतिक परम्परा र प्रवृत्तिबारे धेरथोर अध्ययन-अनुशीलन भएका छन् । विभिन्न जातजातिका विभिन्न प्रकारका धार्मिक आस्था-विश्वास, संस्कार-संस्कृति, रीतिथिति, लोकपरम्परा र लोकविश्वास तथा भारतीय परिप्रेक्ष्यमा मनाइने अर्थात् मनाइँदै आएको विभिन्न चाडपर्वहरूको समाज-सांस्कृतिक मूल्य र मान्यताबारे आदि विषयबारे अध्ययन गरिएको छ। यसमा कुनै कुनै चाडपर्व तथा लोकसंस्कारको वैज्ञानिक अध्ययन भएको छ भने कतिपय स्थानगत, जातिगत र संस्कारगत चाडपर्व र लोकसंस्कृतिको परिचयात्मक विमर्श गरिएको पाइन्छ। उत्तर बङ्गाल निकै फैलिएको क्षेत्र हुनाले यहाँको लोकसंस्कृतिमा विविधता रहेको पाइन्छ। उत्तर-बङ्गालको दार्जिलिङ जिल्ला र कालेबुङ जिल्लाका पार्वत्य क्षेत्रभित्र पर्ने हुनाले यहाँको भौगोलिक अवस्थान अनुसार यहाँको रीतिरिवाज, खानपान, संस्कार-संस्कृति मधेश इलाकाको तुलनामा केही भिन्न देखापर्छ। तराई-मधेश इलाकामा बसोबासो गर्ने जातिको दैनिक र रहनसहन, रीतिरिवाज, खानपान, वेशभूषा, संस्कार-संस्कृति नै बेग्लै देखिन्छ। दार्जिलिङ जिल्लालाई मात्र अध्ययनको विषय बनाएर हेर्नु हो भने पनि दार्जिलिङ, खरसाङ- मिरिक पार्वत्य इलाकाभित्र पर्दछ भने सिलगुडी-डुवर्स इलाका पुरै समतल इलाकाभित्र पर्ने हुनाले यी स्थानको भौगोलिक, प्राकृतिक विविधतासँगसँगै यहाँको जातगत विभिन्न संस्कार-संस्कृति, आस्था-विश्वासमा समेत विविधता रहेको पाइन्छ।

नेपाली जातिको सांस्कृतिक विकास, जीत-वैभव, अस्तित्व चेतनालाई प्रकाशमान पार्ने थोक भनेको नै नेपाली लोकसंस्कृति हो । नेपाली संस्कार र संस्कृतिमा रूजिभिजेका संस्कृतिप्रेमी कवि-गीतकार तथा लेखकहरूले आफ्ना सिर्जनात्मक कृतिहरूमा सांस्कृतिक चेतनालाई पनि सकेसम्म प्रकाश पारेका छन्। दृष्टान्तका रूपमा महानन्द सापकोटाको तीज, अगमसिंह गिरीका सम्चार यही भन्दिनू, सम्भना (आत्मव्यथा), जस योञ्जन प्यासीको शान्ति सन्देह, मनप्रसाद सुब्बाको मेरो हिजो आज र भोलि, रेमिका थापाको भूइँ टेकेर बाँच्नेहरू, पुष्कर पराजुलीको दशैं तिहार आयो आदि केही कविता-गीतलाई दृष्टान्तका रूपमा अघि सार्न सकिन्छ । यी गीत-कविताहरूमा वस्तुकेन्द्रिक, अङ्गभङ्गीकेन्द्रिक, लेखन वा अङ्कनकेन्द्रिक लोकसांस्कृतिक विशेषताहरू स्पष्ट रूपमा देखापर्छन् ।
दृष्टान्तस्वरूप कविताका केही दृष्टांश-

चौबन्दीको चोलीमा कैँचीमार लाएकी
सम्झन्छु म गोरीलाई पानी भर्न आएकी
रातो लाछा पिठ्यूँमा कैलो केश झारेकी ।

(अगमसिंह गिरी- सम्चार यही भन्दिनू )

'बडारी कुडारी राखन'-भन्दै भैलेनीहरूसित
मेरो आँगनमा आयौ कि भनेर हेरैं
जाँतो पिँधि रहेका चेलीहरूका गफमा
ढिकीमा ओइरो चलाइरहेका हातहरूमा
सयपत्रीमा मखमलीमा पनि हेरैं ।

(अबीर खालिङ- कविता ! तिमी मेरो गाउँ फर्क )

बाह्रैमास असारको पन्ध्र तर अचम्म
शताब्दीदेखि कुनै दिन
दही-चिउरा जुरेको कथा छैन । (रेमिका थापा- भूइँ टेकेर बाँच्नेहरू )

कविता-गीतका अतिरिक्त भारतेली नेपाली कथाकार शिवकुमार राई, एम.एम. गुरूङ, हायमनदास राई किरात, इन्द्रबहादुर राई, सानु लामा, लीलबहादुर क्षत्री, बि.बि. लकान्द्री, असीत राई, सि.बि. प्रधान, वीरविक्रम गुरुङ, आइ.के सिंह, त्रिलोक राई, लक्खीदेवी सुन्दास, पूर्ण राई, ज्ञान सुतार, नन्द हाङखिम, गुप्त प्रधान, शरद् छेत्री, प्रेम गुरूङ, उदय थुलुङ, सञ्जय विष्ट आदिका कथाहरूमा लोकसांस्कृतिक सन्दर्भको अनुशीलन गर्न सकिन्छ।

कथाकार शिवकुमार राई नेपाली समाज-संस्कृति सचेत कथाकार हुन् । राईका अधिकांश कथामा लोकजीवन, लोकविश्वास र लोकसंस्कृतिका विविध तथ्याङ्कहरू पाइन्छन् । ग्रामीण सामाजिक जन-जीवनका रीतिथिति, चलन-चाँजो, लोक-व्यवहार, लोकभाषा, लोकसंस्कार-संस्कृति, लोकविश्वास र लोकमान्यतालाई यथार्थ अङ्कन गर्न खोजेका छन् । राईका कथाहरूमध्ये टीका, सिन्दुर पोते, बाबु-छोरा, मानिस, प्रेमलालको बिहे, पञ्चामृत, पुल्लो, स्मृति-चिन्ह, मसिनीको संसार, आज आमा आउँदिन त, त्यस रात, जरजेटको सारी आदि कथाहरूमा नेपाली गाउँ-बस्तीमा सामाजिक परम्परा अनुसार धामी-झाँक्री, ओझा-बिजुवा लगाउने, बोक्सी धपाउने, नाङ्ले भूत र वनको बुढेनी धपाउने, चामल गनेर, पानी-खरानी फुकेर शरीरमा लागेको लागोभागो पन्साउने, रात-बिरात हिँड्दा सिहें-सिण्डे, बोक्सी-डाइनी, भूतप्रेत भन्ने लोकविश्वासको उल्लेख उनका कथाहरूमा पाइन्छन्। साहित्यिक र स्मृति-चिन्ह कथामा सोझो र अपठित गाउँले मानिसहरूमा धामी-झाँक्री, ओझा-विजुवाको झारफुकको कै प्रभाव अधिक रहेको देखिन्छ। सिन्दुर पोते, टीका, प्रेमलालको बिहे, बाबु-छोरा, ज्यानमारा शीर्षक कथाहरूमा दशैंको टीका, मारूनी नाचेको, मालसिरी गाएको, देउसी-भैलो खेलेको, ठूलाबडाले निधारमा चामलको टीका लगाइदिइ आशीर्वाद दिएको उल्लेख पाइन्छ भने अर्कोतिर मरौपरौ, बिहेबटुलोको प्रसङ्ग आएको छ।

नेपाली जातिको सबैभन्दा ठूलो र महत्त्वपूर्ण चाड दशैंमा परिवारका सदस्यहरू भेला हुने, ठूलाबडाबाट सानाहरूले आशीर्वाद ग्रहण गर्ने, नयाँ लुगा लगाउने र मिठोमसिनो खाने परम्परा आजसम्म पनि यथावत् रहेको छ। हाम्रा जातीय मुख्य चाडपर्वहरूमा दशैंका अतिरिक्त चैते दशैं, तीज, तिहार, माघे सङ्क्रान्ति आदिलाई लिन सकिन्छ। दशैंको रमाइलो रामरमिता सकिएको लगत्तै तिहार आइपुगिहाल्छ। तिहारको रमझमले अझ नेपाली गाउँले जनजीवनमा हरियाली ल्याँउछ। तिहारका यी पाँचदिन-(कागतिहार, कुकुरतिहार, गाईतिहार, गोरूतिहार र भाइतिहार) अर्थात् यमपञ्चकको तेस्रो दिनलाई गाईतिहारे औंसी, यस दिन बिहान गाई पुजेर साँझमा धनकी देवी लक्ष्मीको पूजा-अर्चना गर्ने गरिन्छ। यस कालरात्रीमा महालक्ष्मी पूजन गरी हाम्रा संस्कृतिप्रेमी दाजु-भाइहरू मादल, डम्फू, खैंजडे गीत र नाच प्रस्तुत गर्छन् । एवम्रीतले हाम्रा चेलीबेटीहरू पनि बाह्र महिनापछि फर्केर आउने यस रमाइलो औंसीको रातलाई कलापूर्ण ढङ्गले मनाउन भैलेनी (भैलो) गीत गाँउदै गाँउ-घरलाई उज्यालो पार्ने गर्छन्।

टीका नेपाली जातीय सांस्कृतिक पहिचानको एउटा सफल उदाहरण हो। कथाकार राईको टीका कथामा हाम्रो सांस्कृतिक चाड दशैंको टीकाले हर्कबढाइ र खुशीयाली मात्र होइन तर मनको रागद्वेष, शत्रुताको नाश र सद्भावनाको कहिल्यै नमक्किने सेतु निर्माणको काम समेत गर्दछ भन्ने कुरो इङ्गित गरिएको छ। नेपाली समाजमा सिन्दुर पोतेलाई एउटा महत्त्वपूर्ण सांस्कृतिक प्रतीक मानिन्छ। कथाकार राईले नेपाली लोक-परम्परा र जातीय लोकसंस्कृतिको एक पक्षको रूपमा सिन्दुर पोतेको महत्त्व र महिमा दर्शाएर नेपाली जातीय संस्कृतिको साँचो परिचय दिएका छन्। नेपाली संस्कृतिमा सिन्दुरको एउटा विशिष्ट अर्थ र स्थान रहिआएको छ। हिन्दू संस्कृतिमा बिहे गर्दा एउटी कन्यालाई धार्मिक-सांस्कृतिक विधि-विधानपूर्वक सिन्दुर हाली पत्नीको रूपमा स्वीकार गरिन्छ। सिन्दुर पोतेको बन्धनले बाँधिएको दाम्पत्य जीवनमा यदि दैवसंयोगले पतिपत्नीभन्दा अघि मृत्युवरण गर्न पुगेमा आफ्नो सम्पूर्ण रक्षा खातिर पतिद्वारा लगाइएको सिउँदोको सिन्दुर पुछिन्छ, चुरा फुटाइन्छ र पोते चुडाइन्छ। यसप्रकार सुख दुःखमा सधैं साथ र हात दिने हाम्रा जातीय लोकसंस्कृतिहरू हाम्रो समाजमा विद्यमान छन्।

सिन्दुर पोते कथामा नेपाली जाति गोष्ठीकै तामाङ सम्प्रदायका जातीय सांस्कृतिक परम्परा तथा रीतिरिवाजको पनि उल्लेख पाइन्छ। राईका प्रायः सबै जसो कथामा ग्रामीण नेपाली समाज र सांस्कृतिक सन्दर्भमा आउने भाँडावर्तन, वेशभूषा, खाद्यपदार्थ, चाडपर्व, मेला-उत्सव, लोकसङ्गीत तथा लोकसांस्कृतिक बाजागाजाहरूको पनि उल्लेख पाइन्छ। यसका साथै उनका कथामा ढिकी-जाँतो, फापरको पीठोको फुरौलो, लामा पढाउनु, तोर्मा मन्साउनु, तथा काँसो-ताँबाको गाग्रो, डबका, आमखोरा, ठेकी, गबुवा एवम् नेपाली जातीय सांस्कृतिक चाड़पर्वहरूमा नौरथा, तीज, दशैं-तिहार, माघे सङ्क्रान्ति, बिहेमा कन्यादानको प्रसङ्गको विशेष उल्लेख पाइन्छ। माघे सङ्क्रान्तिको दिन विभिन्न किसिमका कन्दमूल र पकवानहरू छरछिमेकमा साटासाट गरी खाएको, नौरथा सुरू भएदेखि प्रत्येक नेपालीको घरघरमा मालसिरी गाउन थालेको, देउसी-भैलीको हूलहूल घरघर घुम्दै झिलीमिली देउसुरे भट्याँउदै,

भैलेनी गीत गाउँदै प्रत्येक घर आँगनमा पुगेको तथा बिहेमा कन्येदानको शुभमुहूर्तमा सिलोकेहरूले सिलोक हालेको, डम्फू बजेको, मादल घन्केको आदि जस्ता नेपाली जातीय सांस्कृतिक प्रसङ्गको विशेष उल्लेख भएको भेटिन्छ। त्यसरात र जरजेटको सारी शीर्षक कथामा पनि गाँउघरमा कोही मानिस विरामी भए देवीदेवता, भूतप्रेत,बोक्सी-डाइनीको खेलले गर्दा यस्तो हुन पुगेको हो भन्ने अन्धविश्वासको आधारमा उसको रोग निको पार्ने प्रयासमा झाँक्रीले चिन्ता बस्ने, खड्गो काट्ने, लामा पढाउने, तोर्मा मन्साउने, पुत्ला बनाएर पन्साउने-मन्साउने प्रथाको चित्रण गरिएको पाइन्छ।

नेपाली लोकसाहित्य र संस्कृतिका वरिष्ठ पृष्ठपोषक कथाकार एम.एम.गुरूङका अधिकांश कथाहरूमा ग्रामीण नेपाली समाजमा प्रचलित विविध लोक-संस्कार, रहन-सहन, रीतिरिवाज, चाडपर्व र धर्म-कर्मका यथार्थ प्रस्तुतिका साथै ग्राम्य लोकगीतहरू जस्तो सेलो, रोपाहारे, हाकपारे, दोहोरी आदि नेपाली लोकसाङ्गीतिक झाँकीहरूको उल्लेख पाइन्छ। यसका अतितिक्त ग्रामीण नेपाली समाजमा प्रचलनमा आएका विविध लोकव्यवहार, लोकसंस्कारगत चलन-चाँजोहरू जस्तो कलियाहरू केटी माग्न आएका, केटाले केटी भगाएर लैजाँदा भलापञ्च (पञ्चायत) बसेर कुरो मिलाएको, गाँउ-घरमा मरौ पर्दा रात कटनीका निम्ति रामायण पाठ गर्ने, चाड-पर्वहरूमा काग तिहार, कुकुर तिहार, गाई र भाइतिहार (यमपञ्चक) आदि लोकसांस्कृतिक सन्दर्भको उल्लेख उनको गाइने, जीवनयात्रा, चेली, धरतीले डाक्यो, ठूली आमा, माइती पूजा, एक रात दुइ भङ्गाला शीर्षक कथाहरूलाई दृष्टान्तस्वरूप प्रस्तुत गर्न सकिन्छ।

सामाजिक कथाकारको रूपमा परिचित हायमनदास राई 'किरात'का प्रायः सबैजसो कथाको भावभूमि विशेष गरी हामी बसेको समाज र हाम्रै जातीय सामाजिकता रहेको देखिन्छ। ग्रामीण परिवेशमा सिर्जित उनका धेरजसो कथाको कथ्यवस्तु र सहभागीहरूले त्यहींको सामाजिक संस्कार-संस्कृति, रीतिरिवाज, लोकपरम्परा र लोकविश्वास-मान्यातालाई कथाको पृष्ठाधार बनाएका छन् । किरातले ग्रामीण नेपाली जनजीवनलाई पृष्ठभूमि बनाइ त्यहाँका लोकसांस्कृतिक विविध सन्दर्भलाई विभिन्न ढङ्गमा प्रस्तुत गरेका छन् । किरातका धिताल बाजे, संस्कार, साँध, आँधी बेहरी, जुनेली, मेरी घरकी, सुख आदि कथामा सामाजिक संस्कार, विवाह र मृत्यु- संस्कारका विभिन्न भाँतीहरू तथा छुवाछुत प्रथाको प्रत्यक्ष र परोक्ष विरोधभाव, सामाजिक रूढिवाद र अन्ध-विश्वासजस्ता विषयलाई कथ्य-विषय बनाइ कथा लेखिएको छ। अतः किरातका अधिकांश कथामा परम्परागत सामाजिक रूढिवादी तथा नेपाली जातीय संस्कृतिको यथार्थ अङ्कन गरिएको पाइन्छ।

कथाकार इन्द्रबहादुर राईका अघिल्ला चरणका (विपना कतिपयकालीन) अधिकांश कथाहरूले नेपाली समाजभित्रकै सामाजिक-सांस्कृतिक विविध परिवेशलाई कथाको रुचिक्षेत्रभित्र समेट्न खोजेको छ। उनको जारः भएकै एउटा कथाले नेपाली ग्रामीण जनजीवनको सामाजिक-सांस्कृतिक बिम्ब, नेपाली जातीय चाडपर्वको महिमा र महत्त्वलाई केन्द्रिय पृष्ठभूमिमा राखेको छ। सामाजिक-सांस्कृतिक चिन्तन बोकेका राईका कथाहरूमध्ये जारः भएकै एउटा कथा सर्वश्रेष्ठ रहेको देखिन्छ। यस कथामा जारलाई ठाडै काट्न पाइन्छ भन्ने उक्ति र सन्दर्भलाई केन्द्रीय पृष्ठभूमिमा राखेर देवी र मैतीले मित लाएको उल्लेख, मित (मितेरी साइनोले बाँधिएपछि) लाएपछि एक-अर्का एउटै घरको परिवारको सदस्यसरह हुने, बिहेबारी नचल्ने र मर्दा जुठो लाग्ने, मितेरी साइनो मिची बिहे गरेमा हाडफोरा हुने प्रसङ्गको उल्लेख पाइन्छ।

कथाकार बि.बि.लकान्द्रीका दशैंका टीका, गमबहादुरको कथा, आमा घर फर्किनन्, उनी मरेका छैनन् शीर्षक कथाहरूमा नेपाली समाजमा परम्परागत रूपमा मनाइने चाडपर्व, रूग्ण सामाजिक रूढीवादी संस्कार, अन्ध-विश्वास, जातीय भेदभाव तथा लोकजीवन र लोकव्यवहारसँग सन्दर्भित लोकोक्तिहरूको प्रयोगले ग्रामीण नेपाली समाजको लोकसांस्कृतिक विशिष्टता झल्किएको पाइन्छ। उपरोक्त कथाहरूमा दशैं-तिहारमा नेपाली पारामा मादल घन्केको, माघे-सङ्क्रान्तिको दिन मकर नुहाएको, घरमा मरौ पर्दा मलामीहरूलाई गौंतपानीले चोख्याएको, बिहे-बटुलोको प्रसङ्गमा मागी बिहेमा चरापेरोङ्गो, दही-ठेकी, साइमुन्द्री, जन्तेबाख्रो आदिको पनि उल्लेख भएको छ। सानु लामाका स्वास्नीमान्छे, पाहुना आदि सामाजिक-संस्कृतिपरक कथामा ग्रामीण नेपाली जनजीवनमा मनाइने चाडपर्व, उत्सव-जात्रामा मादल बजाइ नाचेको-गाएको, घरेलु रक्सी-जाँड खाएर रमाइलो गरेको, नेपाली जातीय खानपानको विशेष प्रसङ्ग उल्लेख छ। पूर्ण राईका फुलेको तोरीबारीमा मातेको मान्छेलाई, एउटा अर्को निर्माण, सिमलको भूवा, तह नमिलेको जिन्दगी, अनन्त एउटा प्रश्न, टिस्टा-रङ्गीतको एउटा अर्को कथा, देखेको यो कथा, हिजोका कुराहरू, जिन्दगीः तुवाँले पाखा शीर्षक कथाहरूमा अलिखित सामाजिक नियम-नीति, अन्धविश्वास, रूढीवादी मूल्य-

मान्यता, लोक-कौशल र भौतिक संस्कृतिको चिह्नारी, लोक-प्रचलनअनुसार गरिने लौकिक न्याय-निसाफ प्रणाली, बिहेमा नौमती बाजा-गाजा बजाउँदै भाले-पोथी सहनाई बजाउँदै रमाइलो गर्दै जन्ती बेहुलीको घरमा जाने, सिलोक हाल्ने, बिहे भएको तीन दिनमा दुरान फर्काउन जाने प्रचलन नेपाली लोकजीवनका परम्परागत नियम नै बनिसकेको देखिन्छ। कथाकार आई के सिंहका त्यो रात फेरि आउँदैन, ढुङ्गा बालुवा औ कोइलाको सङ्गमका कथाहरूमा नेपाली जातीयता, संस्कृति र रीतिथितिप्रति गर्वबोध गरिएको पाइन्छ। कथाकार प्रेम गुरूङको हाम्रो संस्कृतिक परिवेशभित्र शीर्षक कथामा डम्फू गीत, च्याब्रुङ गीत जस्ता विविध नेपाली लोक-सांस्कृतिक सन्दर्भहरूको उल्लेख छ।

असीत राईका गाँउले कलाकारको कथा, प्रश्न सधैँका, आफ्नै आकाशको खोज र कुवाको धमिलो पानी शीर्षक कथामा गाउँले नेपाली समाजमा हुने बिहेमा नौमती बाजा बजेको, सोह्रश्राद्धदेखि नै गाउँ घरमा मादल बज्न र मालश्रीको राग घरघरमा गुञ्जिन थालेको तथा दिपावलीको रात देउसी-भैलो खेलेर रमाइलो मनाएको, भाइटीकाको दिन चेलीको हातबाट माइती राजाले टीका थापेको, परम्परादेखि चलिआएको रूढीवादी संस्कार तथा अन्ध-विश्वासले ग्रस्त र त्रस्त बनेको नेपाली समाजको अङ्कन पाइन्छ। लोकसंस्कृति र लोकसंस्कारको आस्तित्त्विक सङ्कटप्रति कठोर व्यङ्ग्यप्रहार गरी त्यसप्रति चेतना जगाउन उन्मुख शरद छेत्रीको अतिथि कलाकार, सञ्जय विष्टको भविष्यवाणी, नन्द हाङखिमका अन्तिम संस्कार र अर्को साँढे , कालुसिंह रनपहेंलीका स्वतन्त्रता, दशैं टार्नु छ यसपालि पनि, मर्यादाको रक्षार्थ, डा.त्रिलोक राईको घुम्ती घर- काइँली, ज्ञान सुतारको सूतक परेको घर, सि.बि.प्रधानको पहाडे र मधिशे आदि कथाहरूमा लोकसंस्कारगत चलन-चाँजो, रीतिथिति, रहनसहन, अन्धविश्वास र रूढीवादी परम्परा, व्रत-पूजाको विधि-विधान, बिहे र मृत्युसंस्कारका प्रक्रियाहरू, नेपाली समाजिक र लोकसांस्कृतिक बिम्बहरूको सफल प्रस्तुतिले कथाहरू जीवन्त बन्न पुगेका छन्। यी कथाहरूमा ग्रामीण नेपाली समाजमा लोक-विधिद्वारा उपचार गर्ने-गराउने, धामी-झाँक्री, ओझा-विजुवा, वैदाङ-जनापा लगाइ झार-फूक गर्ने, माघे सङ्क्रान्तिमा मकर स्नान गर्ने आदि प्रसङ्गले लोकसंस्कृतितिर अझ धेर नजिक्याएको छ। अतः भारतेली नेपाली आख्यानमा खानपान, वेशभूषा-पहिरन, चाडपर्व, वास्तुकला, लोकशिल्प, गरगहना, भाँडाकुँडा वा सरसमान, हातहतियार-औजार, बाजागाजा, लौकिक गीत-सङ्गीत, न्याय-निसाफ तथा उपचारका लोक-प्रविधि, लोकोक्ति (मौखिक भाषिक अभिव्यक्ति), लोकमान्यता, रीतिरिवाज, जीवनचक्रका विविध पूजा-अनुष्ठानहरू, लोकऔषधौचार, परम्परागत ज्ञानहरूले सचेत-अचेत जुनै रूपमा भए पनि प्रवेश पाएका छन्। यसको फलस्वरूप भारतको नेपाली आख्यान लेखन लोकसांस्कृतिक परिप्रेक्ष्यबाट हेर्दा निराश हुनुपर्ने अवस्था नभइ यसको परिधि र परिवेश फराकिलो नै छ भन्न सकिन्छ।

विभिन्न जातगोष्ठीगत समाज-सांस्कृतिक पक्षहरूको अध्ययन- दार्जिलिङ र कालेबुङ जिल्लाका समतल क्षेत्रलगायत जलपाइगुडी, अलिपुरद्वार तथा उत्तर दिनाजपुर जिल्लाका कतिपय ठाउँमा राभा अर्थात् कोचे, मेचे (वा बोडो), राजवंशी, टोटो जनजातिहरू बसोबासो गर्छन्। टोटो जनजातिको जनसंख्या ६० हजारको हाराहारीमा रहेको कुरो हालसालैको जनगणनाले बताएको छ। टोटोहरूको मान्यताअनुसार धिमाल र टोटो एउटै परिवारका जनजाति हुन्। टोटोहरू प्रकृतिपूजक जाति हुन्। यिनीहरू देवीदेवताको रूपमा अदृश्य शक्ति, निराकार ब्रह्मको पूजा-अर्चना गर्छन्। यिनीहरूले पुरोहित अर्थात् पुजारी (पोउ)-को माध्यमबाट धार्मिक कार्यकलाप सम्पन्न गर्ने गर्छन्। यिनीहरूको समाजमा थुप्रै प्रकारका परम्परागत लोकविश्वासहरू रहेका पाइन्छन्। यिनीहरू भूतप्रेत, बोक्सी-डाइनी, लागो-भागो, पाप-पुण्य आदिमा गहिरो विश्वास राख्छन्। यिनीहरूका मान्यताअनुसार भूतप्रेत रातको समय खोला-नाला, भीरपहारामा बास गर्छ र बिरालो, सुँगुर, लोटकोसेरो आदिका रूपमा यताउति घुम्ने गर्दछ। उनीहरू बस्ने प्रत्येक गाउँमा देवालय हुन्छ र ढोलक बजाएर देवीदेवताको भजन-कीर्तन गर्छन्। भदौ पन्ध्रमा उनीहरूको नयाँ वर्ष सुरु हुन्छ। देवालयमा पूजा-अर्चना गर्दा जाँड चढाउँछन् र सुँगुरको बलि दिने चलन छ। सगोत्रीबिच यिनीहरूमा पनि बिहेबारी हुँदैन, बहुविबाहको प्रथा छैन तर फूपुचेली-मामाचेलाबिच विवाह गर्ने चलन रहेको देखिन्छ। विवाहको सयम वनजङ्गल अर्थात् प्रकृतिलाई साक्षी राखेर विधिविधानका साथ पुरोहितले देवीदेवता भाकेर दुवै पक्षको मञ्जुरीमा विवाह सम्पन्न गरिन्छ। टोटो जातिमा सकेसम्म अन्तरजातीय विवाह निषिद्ध छ। मरेपछि शवलाई अग्निदाह गर्दैनन्, जमिनमा गाडछन्। मृतकको नाममा घरबाहित भात र चल्लाको मासु चढाउने प्रथा छ। लोग्ने वा श्रीमान् मरेको भएमा घरकी विधवा आइमाइले एकवर्षसम्म मृतकको सहारा अथवा सम्झनास्वरूप लौरी टेकेर हिँड्ने चलन छ। रूखका मुढा नाघ्न, बाँसको सिँढी चढ्न, गाउँका बिहे-बटुल, पूजाआजा जस्ता शुभकार्यमा जान उनीहरूलाई निषेध गरिएको हुन्छ।

टोटोजस्तै यस समतल क्षेत्रमा बसोबासो गर्ने राभा (कोचे) जनजातिसित नेपाली जातिका कतिपय लोकसांस्कृतिक सन्दर्भहरू मिलेको देखिन्छ । यस क्षेत्रका कोचहरू कोच वा कोचे शब्द अप्रचलित ठानी आफूहरूलाई राजवंशी भन्न मन पराउँछन् । पूर्वाञ्चल क्षेत्रमा भने राभा जाति नामले नै परिचित छन् । प्रायः राभाहरूले आफ्नो मातृभाषा समेत भूलिसकेका छन् । यिनीहरू प्रकृतिका उपासक रहेकाले यिनीहरूको लोकगीत, लोककथा एवं लोकनृत्यहरूमा कृषि जीवनको चित्रण पाइन्छ । राभा समाजमा मानिस मरेपछि शवलाई अग्निदाह गर्ने चलन छ । शवयात्रामा भेला भएका मलामीहरू युद्धमा हिँडे झैँ भाला, खडग, ढाल बोक्ने गर्दछन् । यिनीहरू जन्म-विवाह, पूजाआजादेखि लिएर मृत्युसंस्कारमा समेत नाचगानद्वारा सामाजिक रीतिथिति सम्पन्न गर्ने गर्दछन् ।

दार्जिलिङ र कालेबुङ जिल्लाको तराई-समतल क्षेत्रमा छरिएर रहेका राजवंशी जातिको सामाजिक-सांस्कृतिक जीवन नेपाली जातिसँग कतिपय अर्थमा मिल्दोजुल्दो रहेको देखिन्छ । यिनीहरू आफ्नो गोत्रभित्र पर्ने सगोत्रीहरूबिच बिहेबारी हुँदैन । कोच परिचय त्यागेर क्षत्रीय परिचय बोक्न रूचाउने राजवंशीहरू समाज, संस्कार-संस्कृति तथा लोकसांस्कृतिक सन्दर्भमा आर्य र अनार्य विशेषताको झल्को स्पष्ट देखिन्छ । राजवंशी जातिमा मृत्युसम्बन्धी संस्कार हेर्दा कोही मर्न लागेको भए उनलाई गङ्गाजल वा तुलसी पात हालेर शुद्धजल खुवाइन्छ र शवलाई बिस्तारा अनि कोठाबाट निकालेर कौसी, आँगन वा तुलसीको मठ छेउको भूइँमा गोबरले लिपपोत गरी शुद्ध-पवित्र पारिएको स्थानमा राखिन्छ । त्यसपछि गङ्गाजल वा तुलसी पानी छर्किएर मृतकका परिवारका सदस्य वा आफन्तले शवको मुखमा धोएको तुलसीपात राखिदिन्छन् अनि मलामी भेला नभएसम्म दीयो-बत्ती बालेर राख्ने र शव रूङ्ने अनि मलामीहरू भेला भइसकेपछि हरियो बाँसको अर्थीमा चढाइ मसानघाट वा नदीकिनारतर्फ अग्निदाह गर्न लगिन्छ । राजवंशी समाजमा जन्म-मृत्यु, विवाह, धार्मिक आस्था-विश्वास, धर्म-कर्म, भाँडा-कुँडा, गरगहना, वाद्ययन्त्र, वेशभूषा प्रायः सबै मङ्गोल संस्कार-संस्कृतिद्वारा परिपोषित भएको देखिन्छ । यिनीहरू पनि टोटो जाति जस्तै प्रकृतिपूजक अर्थात् प्रकृतिकै उपासक हुन् । मेच (मेचे वा बोडो) जातिमा भने शव गाड्ने र शवलाई खाल्डोमा हालिसकेपछि मलामीहरूद्वारा मट्टी (माटो) दिने चलन छ । यिनीहरूले पनि मान्छे मरेपछि एघार दिन आशौच बारेर घरको शुद्धिकरण गर्ने गर्छन् ।

लोकविश्वासको प्रभाव जीवनयात्राको गतिमा नजानिँदो किसिमले परेको हुन्छ । लोकविश्वास कुनै धर्मगत संस्कृतिको रूपमा चलेका छन् । जस्तै- मूर्तिपूजा गर्नु, स्वस्तिक चिह्न बनाउनु, तिलक लगाउनु, शिखासूत्र धारण गर्नु, श्राद्ध गर्नु, शुभसाइत निकाल्नु, परलोक तथा पुनर्जन्म मान्नु आदि । परम्परागत रूपमा चलेका कतिपय लोकविश्वास कालान्तरमा लोकसंस्कृतिका आधार बनेका पाइन्छन् । जस्तै- गला (घाँटी)-मा हात पर्दा फू गर्नु, कुकुर-बिरालो रूँदा, तारा खस्दा कुलच्छिन सम्झिनु, सप्को लाग्दा धागो चुँडेर थूथू गरेर फ्याँक्नु, शुभ साइतको समय रित्तो गाग्री देखिए, बिरालोले बाटोकाटे काम असफल हुने मान्नु, हप्सिलो, स्याल, लाटकोसेरो कराउँदा अलच्छिन मान्नु यस्ता अनेकौं लोकविश्वासका कुराहरू व्याप्त छन् ।

**उपसंहार एवम् मूल्याङ्कन–**

उत्तर बङ्गाल क्षेत्रको नेपाली लोकसंस्कृति, लोकपरम्पराबारे धेरथोर अध्ययन-अनुशीलन अवश्यै भएको छ । उत्तर बङ्गाल पनि एक किसिमको भने साझा फूलबारी हो, जहाँ विभिन्न जातजातिका संस्कार-संस्कृतिका फूलहरू ढकमक्क फूलेका छन् । यस क्षेत्रको पहाडी अञ्चलमा बसोबासो गर्ने नेपाली जातिका एकीकृत नेपाली लोकसंस्कृति र परम्परा विस्तारित भएको छ । विविधताले भरिपूर्ण यस पहाड-तराईको विशाल भूगोलमा फैलिएको उत्तर बङ्गाल अञ्चलका जनजीवनका विविध अनुभव र अनुभूतिहरू यहीं कतिपय अवस्था विशेषमा सिर्जना भइ यहीँकै लोकसंस्कृति र परम्पराको रूपमा विकसित बनेको देखिन्छ । यस क्षेत्रमा बसोबासो गर्ने विशेष गरी हिन्दू धर्मावलम्बी नेपाली, बङ्गाली, राभा (कोच वा कोचे), राजवंशी, मेचे (बोडो), टोटो आदि जनजातिका मानिसहरूमा पाप-पुण्य, देवी-देवता, भूत-प्रेत, बोक्सी-डाइनी, शकुन-अपशकुन, लागो-भागो, जादु-टुनामुना-जोखना, मसान-मुर्कट्टा आदिप्रति गहिरो विश्वास रहेको देखिन्छ ।

मानिस जहाँ बसेपनि आफू र आफ्ना परिवारलाई सुरक्षित राख्न मानिसलाई समाज चाहिन्छ । यसैले मानिस समाज गठन गरेर बाँच्न चाहन्छ । मानिसका उपस्थितिले मात्र समाज बन्छ । समाज र सामाजिक जीवन मान्छेको स्वभाव हो । समय र परिस्थिति अनुसरण गर्दै समान विचारधारा, जीविका वृत्ति, जीवनयापन भएका मानिसहरू सङ्गठित भएर बसोबासो गर्दा समाज निर्माण भएको थियो भने हिजोआज विचार, व्यवहार, रहनसहन,

जात, वर्ण, धर्म र संस्कृति अलग भएकाहरू पनि मिलेर समाज गठन गरी बसोबासो गरेको देखिन्छ। तर सबै समाजको संस्कृति र स्वरूप एकै प्रकारको हुँदैन। ग्रामीण समाज धर्म, संस्कार, जीविका वृत्ति एवं कुटुम्ब आदिका अन्र्तसूत्रमा बाँधिएको हुन्छ। विभिन्न जाति, वर्ण, वृत्ति, धर्म र संस्कार-संस्कृतिले रङ्गीबिरङ्गी बनेको शहरी समाजमा आत्मीयता अभाव हुने गरेको देखिन्छ। शहरदेखि टाढा दुर्गम क्षेत्रमा अवस्थित कति गाउँबस्तीको समाज पारम्परिक अर्थोपार्जन पद्धतिमा रमाउने हुनाले तिनीहरूमा एक प्रकारको आदिम सामाजिक विशेषताहरू परिलक्षित हुन्छ। आधुनिक सभ्यताको चहकिलो उज्यालोमा हुर्किएको तथा पाश्चात्य सभ्यताले पालित-पोषित नवधनाढ्य शिक्षित शहरीया नागर जीवनभन्दा सामाजिक-शैक्षिक, आर्थिक ढाँचाका कारण दुःखजिला जीवन व्यतित गरिरहेका दुर्गम क्षेत्रका मानिसहरूले आफ्ना पुर्ख्यौली संस्कार-संस्कृति, लोकपरम्परा र लोकसंस्कृतिलाई बढी नै आत्मसात् गरेको देखिन्छ। अतः लोकविश्वास, लोकसंस्कार, लोकप्रथा, लोकउत्सव आदिमा स्थानीय छाप परेकै छ। उत्तर बङ्गाल क्षेत्रको वर्तमान मिश्रित समाज न त परम्पराको विद्रोही छ न त आधुनिक कहलाउने भौतिकवादी स्थितिमा नै छ।

**सन्दर्भ विवरण**

प्रधान, दिलकुमार - लोकविश्वास, पश्चिम सिक्किम साहित्य प्रकाशन, गेजिङः सन् २०२०
सरकार, पवित्र - लोकभाषा-लोकसंस्कृति, चिरायत प्रकाशन प्रा. लि, कलकत्ताः सन् १९९९
चक्रवती, वरूणकुमार - लोक विश्वास ओ लोक संस्कार, पुस्तक विपणी, कलकत्ताः सन् २००३
शर्मा, शान्तिराज - खस किरात संस्कृति, नेपाली साहित्य प्रचार समिति, सिलगढीः सन् १९९५
सुवेदी, हंसपुरे - नेपाली लोकजीवनः लोकविश्वास, साझा प्रकाशन, काठमाडौः वि. सं. २०५५
नाथ, प्रमोद- उत्तरबङ्गेर आदिवासी परिचय, एन. इ. पब्लिसर्स, कलकत्ताः सन् २०११
राय, गिरिजा शंङ्कर, उत्तरबङ्गेर राजवंशी क्षत्रीय जातिर पूजा पार्वन, नेशनल लाइब्रेरी, सिलगढीः सन् २०००
चौधुरी, दुलाल - लोकसंस्कृति समीक्षार पद्धति, लोकसंस्कृति गवेषणा परिषद्, प.ब.सरकार, कलकत्ताः १९९८
भट्टराई, प्रकाश - नेपाली लोक-परम्परा, लेखक स्वयम्, सिक्किमः सन् २०२०
गुरुङ,एम. एम.- बिर्सिएको संस्कृति, श्याम ब्रदर्स, दार्जिलिङः सन् १९८०
सुब्बा, छत्रमान - लोक-संस्कृतिका आधारहरू, किराँत सम्मेलन असमः सन् २०१७
ढकाल, बद्रीप्रसाद - संस्कृतिमा के छ, अनुसन्धान विमर्श नेपाल, काठमाडौः वि. सं. २०८०
अधिकारी, गोमा - नेपाली भाषा र संस्कृति, गोर्खा ज्योति प्रकाशन, मणिपुरः सन् २०१२
प्रधान, महेश - विचयन, नेपाली साहित्य प्रचार समिति, सिलगढीः सन् २०१६
छेत्री, राजकुमार - सिर्जनाको समावलोकन, गामा प्रकाशन, दार्जिलिङः सन् २००९
छेत्री, राजकुमार - कृति आलोकन, मनमाया प्रकाशन, दार्जिलिङः सन् २०१४
घिमिरे, हिरण्य (सम्पा.)-नेपाली संस्कृतिसुधा, गोर्खा उन्नयन परिषद्, असमः सन् २०१५
ढकाल, शंकरदेव (सम्पा.), भाषा परिसंवाद र समसामयिक विमर्श, साहित्य अकादमी,नयाँ दिल्लीः सन् २०२४
योञ्जन, जस- 'भारतीय लोक संस्कृतिमा डम्फू र डम्फूगीत', निर्माण संस्कृति विशेषाङ्क, नाम्चीः निर्माण प्रकाशन
पौड्याल, नवीन - 'नेपाली लोक परम्परा- जातीय सांस्कृतिक अध्ययन..., ' लेख साहित्यपोष्ट-मा प्रकाशित।
पौड्याल, नवीन - ' सिक्किमेली नेपाली लोकसांस्कृतिक अध्ययन, ' लेख, साहित्यपोष्ट-मा प्रकाशित।